# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## कृषि तथा पशुपंक्षी विभाग

काठमाडौं, प्लाजा, काठमाडौं, बागमती प्रदेश, नेपाल

प. सं. : ०८०/८१ मिति :- २०८०/०५ /२७

च. नं. :- २१

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

**"प्रशोधित पानीको मापदण्ड पालना गर्ने बारे सूचना"**

प्रशोधित पानीका नाममा गुणस्तरहिन पानीको विक्री वितरण भइरहेको अवस्था प्रति काठमाडौं महानगरपालिकाको ध्यानाकर्षण भएको छ ।बजारमा पानी बेच्न प्रयोग भएका जार तथा बोतलहरु कुच्चिएका, फोहोर, टुटेफुटेका MRP मूल्य उल्लेख नभएका तथा उत्पादक, उत्पादन मिति, अनुज्ञा पत्र जस्ता आवश्यक विवरण राखिएका छैनन् । कतिपय जारको विर्कोबाट पानी चुहिने गरेको भेटिएको छ।यसरी पानीको शुद्धतामा व्यवसायीले ध्यान नदिँदा हानीकारक सुक्ष्म जीवाणुहरु मानव शरीरमा प्रवेश गरी संक्रामक रोग फैलिने जोखिम हुन्छ।यसर्थ सम्पूर्ण व्यवसायीलाई "प्रशोधित पिउने पानी उत्पादन सम्बन्धि निर्देशिका २०७४ " मा तोकिएका मापदण्ड पूरा गरेर मात्र पानी ढुवानी तथा विक्री वितरण प्रबन्ध मिलाउन यसैसाथ सूचित गरिन्छ ।यस्तै उपभोक्ताहरुलाई लेवल नराखिएका जार तथा वोतलको पानी खरिद नगर्न, लेवल राखिएका जार तथा बोतलमा उल्लेख भएका विवरण हेरेर शुद्धताको एकिन गरेर मात्र पानी खरिद गर्नुहुन यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।पानीको उत्पादन, ढुवानी तथा विक्री वितरणमा त्रुटी देखिए प्रचलित कानुनी व्यवस्था बमोजिम कारवाही हुने सूचित गरिन्छ ।

२०८०/०५/२६

डा. अवधेश झा
प्रमुख
वरिष्ठ पशु चिकित्सक
अधिकृत (नवौं तह)

बागदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२३१४८१ फ्याक्स : ९७७-१-४२६८५०९
E-mail: ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, website: www.kathmandu.gov.np